# विक्री केन्द्र स्वीकृति पत्र

मिति: .............................

श्री ............................................... ज्यु,

यस कम्पनीको विक्री केन्द्र संचालन गर्ने उद्देष्यले तपाईले दिनु भएको निवेदन उपर छलफल गरि मिति ...........................मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यहा‥को ................................ नामको कम्पनी/फर्मलाई यस एग्रो कमर्श नेपाल लि.को आधिकारिक विक्री केन्द्र सञ्चालनको स्वीकृति प्रदान गरिएकोछ। श्रमजिवी व्यापारी, किसान तथा आम उपभोक्ताको हक हित संरक्षण एवं कृषि क्षेत्रको विकासमा परिलक्षित यस कम्पनीको साझेदारीमा कम्पनीको नियम निर्देशनको परिपालना तथा कम्पनीको भावना र उद्देष्य अनुरुप व्यावसायिक अनुशासन, मर्यादा र गोपनीयता कायम राख्दै तपाईको सकारात्मक भूमिकाको अपेक्षा गर्दछौं। धन्यवाद।

..............................

संयोजक

एग्रो कमर्श नेपाल लि.

श्रीमान प्रबन्ध निर्देशक ज्यु,

एग्रो कमर्श नेपाल लि,

मितिः .............................

बु.नि.न.पा.७, हात्तिगौंडा, काठमाण्डौं ।

विषयः एग्रो कमर्श नेपाल लि. को विक्री केन्द्र संचालन अनुमति पाउ... भन्ने संबन्धमा ।

महोदय,

उपरोक्त संबन्धमो कृषि क्षेत्रको उन्नतिमा किराना पसलहरुको सहभागिता अन्तर्गतको संगठित व्यापार अभियानमा आबद्ध हुन यस कम्पनी बाट संचालन गरिएको विक्री केन्द्र सदस्यताको लागि निवेदन गरेकोछु । मेरो कम्पनी/फर्मले विक्री केन्द्रको स्वीकृति पाएमा कम्पनी बाट जारि निर्देशन र विनियमहरुको अक्षरशः पालना कम्पनीको लक्ष अनुरुप काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद ।

प्रोपाइटरः .................................................

कम्पनी/फर्मको नामः ....................................

पान नं. : ...................................................

फोन नं. : ..................................................

ठेगानाः ......................................................

सिफारिश कर्ताः .............................

# एग्रो कमर्श नेपाल लि. को वितरण केन्द्र संचालन विनियम

१. एग्रो कमर्श लि.को प्रकृति र उद्देष्य संग मिल्ने, यस कंपनीको नियम अनुरुप व्यापार गर्न मञ्जुर गर्ने र कृषि क्रान्तिको यस विराट लक्षमा सहभागी हुन चाहने विधिवत दर्ता गरी संचालित भएका विनियम सम्मत प्रकृया पूरा गरि यस कम्पनी बाट स्वीकृति प्राप्त कुनै पनि किराना पसलहरु यस कम्पनीको वितरक बन्न सक्नेछन् ।

२. एग्रो कमर्श लि. द्वारा संचालित वितरण केन्द्रहरु आवश्यक बैधानिक व्यवस्था, नाफा घाटा, कर्मचारीको व्यवस्था र तलब भत्ता तथा सेवा सुविधाको निर्धारण एवं अन्य सबै जिम्मेबारी समेत यसका संचालक स्वयमको सम्पूर्ण जिम्मेवारीमा संचालन गरिनेछन् ।

३. यस प्रकारका वितरण केन्द्र संचालन गर्ने महिला सदस्यलाई प्राथमिकता दिने गरी निजहरु कै नाममा सोहि प्रकृतिको उद्देष्य राखी दर्ता भएका फर्म या कम्पनीलाई वितरण संचालनको सम्झौता गरी स्वीकृति दिइनेछ ।

४. यस प्रकारका वितरण केन्द्रहरुको एक अर्काको दुरी कम्तीमा आधा किलोमिटरको हुनेछ । तर दुरीले व्यवसायमा फरक नपर्ने, आपसी प्रतिष्प्रधा नहुने या पहिले स्वीकृति प्राप्त वितरकको सहमति भएमा कम दुरीमा पनि विक्री केन्द्र खोल्न सकिनेछ ।

५. यस्ता वितरण केन्द्रहरु संस्थाको शर्त र नियमको परिधि भित्र रही कंपनीले दिएको सामानको क्रयमुल्यमा बढीमा १० प्रतिशत रकम मात्र थप गरी आम उपभोक्ताहरुलाई सामान वितरणको जिम्मा लिने एग्रो कमर्श लि.का वितरक कम्पनीहरु हुनेछन् ।

६. यस्ता वितरकहरुले कंपनीमा उपलब्ध सामान नगद खरिद गर्नुपर्नेछ । यदि उधारो कारोवार गर्न आवश्यक परेमा कम्पनी बाट निर्दिष्ट वित्तिय संस्थामा खाता संचालन गरी बढीमा १५ दिन सम्मको अनिवार्य म्यादि चेक काट्नु पर्नेछ । उक्त समयमा चेक नकाटिए पनि सोहि दिनको बिलिंगलाई आधार मानी चेक काटेसरहको नियम लागु हुनेछ । तर यस्ता म्यादि चेक बाउन्स भएमा प्रति दिन प्रति चेक रु. ५० का दरले जरिवाना लाग्नेछ । यस्तो बाउन्स चेक १० दिन सम्म पनि नसाटिएमा संचालक समितिको निर्णय बमोजिम कारवाहि हुनेछ ।

७. यस्ता वितरण केन्द्रहरुले यस कम्पनीको व्यवस्थापन समितिको अनुमति बिना सुचिकृत नभएका सामान खरिद विक्रि गर्न पाइनेछैन । सुचिकृत भएका र कम्पनीमा उपलब्ध सबै सामान अन्यत्रबाट खरिद गर्न पूर्णरुपमा बन्देज छ ।

८. संचालकले यस्ता वितरण केन्द्र बन्द गर्न चाहेमा एक महिना अगाडि यस आसयको लिखित निवेदन कम्पनी समक्ष प्रस्तुत गर्नुपर्नेछ । यसरी वितरण केन्द्र बन्द गर्दा आवश्यक परे आपसी सहमति अनुसार मौजुदा विक्रीजन्य सामानको तत्कालको बजारमुल्य निर्धारण गरी उक्त सामानमा १० प्रतिशत मात्र कभ्रा गरी कम्पनीले लिन सक्नेछ ।

९. यस कम्पनी बाट खरिद भएका सामानको हकमा मिति गुज्रेका, डेमेज सामान या अन्य कारणले फिर्ता गर्नु परेमा संवधित सप्लायर्स कम्पनीको नियम अनुसार तथा खरिद भएको उक्त सामानको २ प्रतिशतमा नबढाई फिर्ता गर्न पाइनेछ ।

१०. अन्यत्र जे सुकै कुरा लेखिएको भए पनि वितरण केन्द्रहरुको अनुगमन गर्दा यस कम्पनीको भावना र उद्देष्यको प्रतिकूल हुने गरी कार्य भएको पाइएमा संचालक समितिको निर्णय अनुसार कुनै पनि वितरण केन्द्रको संचालन अनुमति तत्कालै रद्ध गर्ने सम्मको कारबाही गर्न सकिनेछ ।

उपरोक्त नियम तथा शर्तहरु मैले राम्रो संग बुझेर पढेकोछु । मलाई एग्रो कमर्श लि.को नियम भित्र रहि विक्री केन्द्र संचालन गर्न मन्जुर छ ।

नाम: फर्मको छाप:

फर्मको नाम: हस्ताक्षर: दा. बा.